# नेपालमा जेष्ठ नागरिकको संरक्षणसम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्था

शुशिला शेरचन, उपप्राध्यापक

सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

Email:smcshushilabba@gmail.com

*पेस गरिएको* जुन १३; *समीक्षा गरिएको* जुन २८; *स्वीकार गरिएको* जुन २८; *प्रकाशित* जुलाई २८

**लेखसार**

जेष्ठ नागरिकका अधिकारहरूलाई संविधानले मौलिकहकको रूपमा सुनिश्चत गरेको छ। नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४१ मा जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यबस्था गरेको छ। जेष्ठ नागरिकसम्बन्धी ऐन २०६५ र नियामावली २०६५ पनि बनेको छ। नेपालको संविधान र अन्य कानुनी प्रावधानहरूमा जेष्ठ नागरिकको के कस्तो सामाजिक सुरक्षाको व्यवस्था गरिएको छ ? भन्ने यो लेखको मुख्य प्रश्न हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ मा जेष्ठ नागरिकको संरक्षणसम्बन्धी विवादमा न्यायिक समितिले उनीहरूको हितको लागि अन्तरिम संरक्षाणात्मक आदेश दिन सक्ने व्यवस्था गरिएको छ। यी संबैधानिक तथा कानुनी व्यवस्थाहरूले जेष्ठ नागरिकहरूलाई सुरक्षा, सुविधा र सम्मान प्रदान गरेको छ। जुन सकारात्मक कुरा हो। तर यी प्राबधानको राम्रोसँग कार्यान्वयन भएको अबस्था छैन। यी कानुनी व्यवस्थाहरूलाई प्रभावकारी कार्यान्वयन गर्न परिवार, समुदाय र राज्यको महत्त्वपूर्ण भूमिका आवश्यक रहन्छ।

## परिचय

साधरणतया ६० वर्षभन्दा माथि उमेर भएका व्यक्तिहरूलाई नेपालको कानुनमा जेष्ठ नागरिकको रूपमा परिभाषित गरिएको छ। जब कुनै पनि देशको जनसख्याको १४ प्रतिशतभन्दा बढी जेष्ठ नागरिकको श्रेणीमा पर्दछ। यो देशको समाजलाई वृद्ध समाज (Ageing Society) भनिन्छ। ज्येष्ठ नागरिकको सम्मान गर्नु भनेको सभ्य समाजको परिचय दिनु हो। जेष्ठ नागरिकहरूले आफ्नो परिवारका सम्पूर्ण जिम्मेवारी बहनगरि आफ्नो परिवारका सदस्यहरूलाई सफल जीवनका लागि मार्गनिर्देश गर्दछन्। नेपालको जनगणना २०७८ अनुसार कुलजनसङ्ख्याको १०.२१ प्रतिशत ज्येष्ठ नागरिकहरू छन्। (**राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८**)। नेपालको संविधान २०७२ र जेष्ठ नागरिक सम्बन्धी ऐन कानुन र नियामावलीमा जेष्ठ नागरिकको सम्मान एवम् सुरक्षाका लागि विभिन्न महत्वपूर्ण बैधानिक व्यबस्था गरिएको छन्। जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभव राष्ट्र निर्माणमा महत्वपूर्ण हुन्छ। यसको सहि उपयोग गर्न राज्यले नीतिनिर्माण गर्नु पर्दछ। परिवारमा जेष्ठ नागरिकको महत्वपूर्ण योगदान हुँदाहुँदै पनि कतिपय परिवारका सदस्यहरू जेष्ठ नागरिकलाई उचित हेरचाह र सम्मान गरेको देखिँदैन। जेष्ठ नागरिकको कानुनी अधिकार बारे धेरैलाई सचेतना एवं ज्ञानको अभाव रहेको पाइन्छ। यस सन्र्दभमा जेष्ठ नागरिकसम्बन्धी संवैधानीक र कानुनी व्यवस्थाहरू जानकारी सामान्य रूपमा गराउने उदेश्यले यो लेख तयार गरिएको छ।

## अध्ययनको उदेश्य

यो लेखमा खास गरी जेष्ठ नागरिकलाई संविधान तथा ऐनहरूले दिएको कानुनी संरक्षणसम्बन्धी व्यवस्थाको विवेचना गर्ने प्रयास गरिएको छ। नेपालमा जेष्ठ नागरिकहरूको अबस्थाका सुधारका लागि चाल्नु पर्ने कदमका बारेमा उल्लेख गरिएको छ। यस लेखका विशेष उद्देश्य निम्नअनुसार रहेका छन्।

- जेष्ठ नागरिका लागि संविधान तथा ऐनहरूमा कानुनी संरक्षणसम्बन्धी व्यवस्थाको विवेचना गर्ने।

- जेष्ठ नागरिकहरूको अबस्थाका सुधारका लागि भएको प्रयासबारे अध्ययन गरी सरकारका तर्फबाट चालिनुपर्ने कदमबारे निचोड निकाल्ने ।

**अध्ययनको विधि**

यस अध्ययनमा मुख्य गरी व्याख्यात्मक विधि प्रयोग गरिएको छ । यस लेखमा नेपाल सविधान २०७२ जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ र सशोधन २०७९, नियामावली २०६५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधानहरू समाबेश गरिएको छ तथा अन्य उपलब्ध जेष्ठ नागरिकसम्बन्धी लेख रचनाहरूलाई समेत आधार बनाइएको छ । उपलब्ध सूचना तथा प्रावधानहरूलाई व्याख्यात्मक विधि प्रयोग गरी विवेचना गरिएको छ ।

**नेपालको संविधान २०७२ मा जेष्ठ नागरिकसम्बन्धी भएका व्यवस्था**

नेपालको संविधान २०७२ को धारा १८ मा समानताको हक को कुरा गरेको छ । यसले कुनै नागरिकलाई पनि समानता संरक्षणबाट वन्चित गरिने छैन भनेको छ, धारा ४१ मा जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक छ भनी व्यबस्था गरिएको छ, धारा ४३ मा सामाजिक सुरक्षाको हकबारेमा उल्लेख गरेको छ । साथै आफ्नो हेरचाह आफै गर्न नसक्ने नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भन्ने लेखिएको छ । देशको मूल कानुनले नै जेष्ठ नागरिकको अधिकारलाई संरक्षण गर्न प्रावधान समेटिएको कारणले सरकारले जेष्ठ नागरिकको हक हित संरक्षण गर्ने महत्वपूर्ण कदम चाल्नु पर्दछ । सरकारी स्रोत साधनको विनियोजन गरी जेष्ठ नागरिकको हितमा विभिन्न योजना अगाडि बढाउनु पर्दछ ।

**जेष्ठ नागरिक सम्बन्धी ऐन/नियमावलीमा भएका व्यबस्था**

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ तयार भएको छ । यस ऐनले दफा ३ मा जेष्ठ नागरिकलाई सम्मान गर्नु पर्नेका साथै दफा ४ मा जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नु पर्ने कुरा उल्लेख गरेको छ । जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्दै निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने कुरा व्यबस्था गरिएको छ । दफा ५ मा जेष्ठ नागरिकको न्यायिक पहुँच गाँउपालिका र नगरपालिकाको न्यायिक समितिले जेष्ठ नागरिक सम्बन्धीत विवादका हेर्ने व्यबस्था गरेको छ । जेष्ठ नागरिक पहिलो संशोधन ऐन २०७९ मा भएको व्यवस्था बमोजिम यदि कसैले जेष्ठ नागरिकमाथि कुनै पनि अपराध गरेको खण्डमा कसुर हेरी दश हजारदेखि पाँच लाख नगदसम्म जरिवाना र तीन महिनादेखि पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी व्यबस्था छ । जेष्ठ नागरिकले आफूमाथि कुनै पनि किसिमको अन्याय, अत्याचार, दुर्व्यवहार वा हिंसा भएमा गाउँपालिका तथा नगरपालिकाको न्यायिक समितिमा उजुर गर्न सक्नेछन् । न्यायिक समितिबाट उनीहरूको मुद्दा सम्बोधन हुन नसकेको खण्डमा जिल्ला अदालतमा उजुरी दिन सक्नेबारे यो ऐनमा जारी गरिएको छ । उक्त ऐनमा सार्बजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्बजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा, सुबिधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हो भनेर उल्लेख गरिएको छ । यसका साथै मुद्दा मामिला, काम कारबाहीमा प्राथमिकता दिनु पर्ने कुरा उल्लेख छ । यसका साथै अदालतले जेष्ठ नागरिकसम्बन्धित मुद्दा मामिला काम कारबाहीमा उनीहरूलाई प्राथमिकता दिई विवादको निरूपण गर्नुपर्दछ भन्ने कुराको व्यवस्था गरिएको छ । (**मानवअधिकार आयोग, २०७६**) ।

सार्वजनिक पद धारण गरेका व्यक्तिले जेष्ठ नागरिक माथि कुनै पनि अपराध गरेको खण्डमा प्रचलित सजायमा थप ३० प्रतिशत बृद्धि हुने छ यदि पटक पटक अपराध गरेमा पटकै पिच्छे १० प्रतिशत सजाय बृद्धि हुने व्यवस्था रहेको छ । जेष्ठ नागरिकबाट प्राप्त निवेदन एवं उजुरीको सुनाई सरल एवम् छिटो हुने प्रकृयाबाट सम्पादन गर्नका लागि स्थानीय तहले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्ने कानुनी प्रावधान छ । जेष्ठ नागरिकहरूका लागि कानुनी सहायतासम्बन्धी अधिकारको पनि व्यवस्था गरेको छ । ७५ वर्षभन्दा माथिका जेष्ठ नागरिकहरूका लागि

कानुनी सहायता आवश्यक परेमा जिल्ला अदालत, गाउँपालिका, नगरपालिकामा कानुनी सहायता समितिको व्यवस्था गरेको छ ।

यसै गरी ऐनको दफा १३ मा जेष्ठ नागरिकको हेरविचार, स्याहार सम्भारका तथा सामाजिक सुरक्षा गर्ने प्रयोजनको लागि केन्द्रीय नागरिक कल्याण समिति को गठन र कामकर्तब्य र आधिकार को बारेमाउल्लेख गरेको छ ।यसका साथै प्रत्येक जिल्लामा जेष्ठ नागरिक कल्याण समिति गठन गर्ने प्रावधान रहेको छ । साथै हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन गर्ने पाउने प्रावधान रहेको छ। दफा २४मा भत्ता र सुविधा उपलब्ध गराउन सक्ने प्रावधान मुताविक हाल मासिक रु.४०००/- सम्म पाउने प्रावधान रहेको छ।

जेष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५ को दफा १४ मा जेष्ठ नागरिकको वर्गीकरण गरिएको छ, जसअनुसार जेष्ठ नागरिकहरू निम्नप्रकारका रहेका छन् ;

- सत्तरी वर्ष उमेर पुरा नगरेको जेष्ठ नागरिक ।
- सत्तरी वर्ष उमेर पुरा गरेको जेष्ठ नागरिक ।
- असहाय जेष्ठ नागरिक ।
- अशक्त जेष्ठ नागरिक ।
- एकल जेष्ठ नागरिक ।

साथै जेष्ठ नागरिकलाई परिचयपत्र उपलब्ध गराउने व्यवस्था रहेको उल्लेख छ। यसका लागि जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४ रहेको छ। जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सुविधा प्रदान गर्नका लागि सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७५ तयार गरेको छ ।

**जेष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२**

जेष्ठ नागरिकका सामाजिक र आर्थिक समस्याको समाधान गर्न दीर्घकालीन अवधारणा अनुरूप कार्य जेष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२ मा तय भएको छ । जेष्ठ नागरिक कार्ययोजना अनुरुप केन्द्र स्तरमा सम्बद्ध मन्त्रालय, निकायहरू, जेष्ठ नागरिक कल्याण समन्वय समिति कार्यान्वयनका लागि समन्वय गर्ने र जिल्ला तथा गाउँ तहमा जेष्ठ नागरिकसँग गैरसरकारी संस्थागत समन्वय गरी सम्बन्धित मन्त्रालय मातहतका निकायले कार्यान्विन गर्ने भन्ने कुरा उल्लेख छ।

**राष्ट्रिय जनसंख्या नीति/ राष्ट्रिय स्वास्थ्य नीति २०७१**

यस अन्तर्गत जेष्ठ नागरिकहरूको अनुभव, क्षमता र सीपलाई समाज बिकासमा लगाउने वातावरण सिर्जना गरिने कुरा उल्लेख छ । जेष्ठ नागरिकहरूको आवश्यकता वमोजिमको उपयुक्त स्वास्थ्य सेवा, हेरचाह र सहयोगको एकीकृत कार्यक्रम तर्जुमा गरी लागु गरिने छ भन्ने कुरा उल्लेख छ।

यसका साथै, नेपाल सरकारले जेष्ठ नागरिकका क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तहमार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी कार्यविधि-२०७५ तयार गरेको छ। त्यसै गरी जेष्ठ नागरिकको उमेरका कारणले शारीरिक तथा मानसिक स्वास्थ्यमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्नको लागि सुविधा उपलब्ध गराउने हिसाबले नेपालका विभिन्न अस्पतालमा ज्येरियाटिक वार्डको स्थापना गर्नका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयले ज्येरियाटिक वार्ड ( स्थापना र सञ्चालन) निर्देशिका, २०७० तयार भएको छ, जसअनुसार वार्डको स्थापना तथा सञ्चालन, सेवा सुविधा आदिको बारेमा उल्लेख छ । यसै गरी स्वास्थ्य मन्त्रालय अन्तर्गत जेष्ठ नागरिक स्वास्थ्य उपचार सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१ पनि विधमान छ । यसले शीध्र स्वास्थोपचार हुन जरुरी भएका तर आर्थिक स्थिति कमजोर भएका, शारीरिक अवस्थाले टाढा जान नसक्ने स्थानीय स्वास्थ्य केन्द्रहरूमा उपचार हुन सक्ने जेष्ठ

नागरिकहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउनेबारे सहयोग गर्ने कुरा उल्लेख छ । यसबाट जेष्ठ नागरिकको स्वास्थ्यको हेरचाहका लागि संस्थागत प्रयास भएको देखिन्छ ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा जेष्ठ नागरिकसम्बन्धी व्यवस्था**

नेपालको संविधान २०७२ को धारा २१७ ले स्थानीय तहमा विवाद निरूपण गर्न न्यायिक समितिको व्यवस्था गरेको छ । उक्त धारा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन दफा ४७ को उपदफा (८)मा व्यवस्थालाई आवश्यक व्यवस्था गरिएको छ । यो ऐनको परिछेदको दफा ४९ को उपदफा ८ को न्यायिक समितिले जेष्ठ नागरिकको संरक्षणका लागि सम्बन्धित पक्षलाई अन्तरिम संरक्षणात्मक आदेशसमेत दिने व्यबस्था गरेको छ ।

**मुलुकी देवानी संहिता, २०७४**

यस अन्तर्गत जेष्ठ नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिएकोमा भेदभाव गरेको मानिने छैन भन्ने कुरा उल्लेख छ, साथै प्रत्येक छोरा छोरीले आफ्नाआमा बाबुको आदर तथा सम्मानका साथ व्यवहार गर्नु पर्ने र आफ्नो आर्थिक तथा सामाजिक हैसियतअनुसार हेरचाह, स्याहार सम्भार, औषधोपचार वा रेखदेख गर्नु पर्ने उल्लेख छ ।

**सामाजिक सुरक्षा ऐन, २०७५**

यस ऐन अन्तर्गत जेष्ठ नागरिक लगायतलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार हुनेछ भन्ने कुरा उल्लेख गरेको छ । जेष्ठ नागरिकले सत्तरी वर्ष पुरा गरेपछि सामाजिक सुरक्षा भत्ता र एकल महिलाको हाकमा साठी वर्ष उमेर पुरा गरेपछि पाउने कुरा उल्लेख छ ।

**जनस्वास्थ्य सेवा ऐन, २०७५**

यो ऐन अन्तर्गत जेष्ठ नागरिक पनि स्वास्थ्य सेवाको पहुँचअन्तर्गत रहने कुरा उल्लेख छ । प्रत्येक नागरिकलाई स्वास्थ्य सेवाबाट वन्चित नगरिने कुरा उल्लेख छ, जसअनुसार जेष्ठ नागरिकले तोकिएबमोजिमका आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक स्थापित भएको छ ।

**स्थानीय स्तरका प्रयासहरू**

स्थानीय सरकार गाउँपालीका तथा नगरपालिकाहरूले जेष्ठ नागरिक हक र हित संरक्षणका लागि विभिन्न प्रकृतिका पहलहरू गरेको पाइन्छ । कुनै कुनै नगरपालिकाले जेष्ठ नागरिक संरक्षण निदेर्शिका समेत बनाई स्वास्थ्य, हेरचाह वृद्धवृद्धाहरूको कल्याणका लागि वृद्धाआश्रम स्थापनाका लागि सहयोग पुऱ्याएको छन् । वडा वडामा जेष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्ने कार्य गरेहका छन् । संघीय सरकारबाट विनियोजन गरिएका मासिक चार हजार वृद्धा भत्तामा थप गरी सामाजिक सुरक्षामा नयाँ आयाम निर्माण गरेको छ ।

त्यसै गरी प्रदेश सरकारहरूले पनि निश्चित उमेर समूहका ज्येष्ठ नागरिकलाई अतिरिक्त भत्ता दिएका छन् । आरोग्य आश्रम निर्माणमा लगानी गरेका छन् । यसैगरी, स्थानीय सरकारहरूले पनि धार्मिक पर्यटनमा लैजाने, स्वास्थ्य शिविरको आयोजना गर्ने, न्यानो कपडा वितरण गर्ने लगायतका रचनात्मक काम गरि आएका छन् । यसर्थ एउटा मापदण्ड तोकी ज्येष्ठ नागरिकले पाउने सुविधाको सूची सार्वजनिक गर्न सकिएमा यस्ले ज्येष्ठ नागरिकमा सुरक्षा र विश्वासको वातावरण सृजना हुनेछ ।

जेष्ठ **नागरिकका लागि विगतमा भएका अन्य महत्त्वपूर्ण प्रयास**

नेपालममा विगतका विभिन्न समयमा जेष्ठ नागरिकहरूका संरक्षणका लागि विभिन्न प्रयासहरू भएको पाइन्छ । वि.सं. १९३८ मा पञ्चदेवल पाठशालाको रूपमा पशुपतिमा वृद्धाश्रमको स्थापना गरी असहाय अशक्त बेवारिसे जेष्ठ

नागरिकको लालनपालन भरणपोषणको सेवा सुविधाको प्रबन्धको व्यबस्था गरेको थियो । नागरिक हेरचार केन्द्र स्थापना गरी यो सेवाप्रवाह गरेको पाइन्छ । नेपाल सरकारले विस २०३४ साल पशुपति क्षेत्रमा समाज कल्याण केन्द्र वृद्धाश्रमको स्थापना गरी जेष्ठ असाय अशक्त र बेवारिसेलाई सहयोग गरेका थिए । वि.सं. २०५१ मा सालमा ७५ वर्ष माथिका जेष्ठ नागरिकलाई वृद्धभत्ता रु. एक सयबाट सुरु भई हाल आएर रु. चार हजार प्रतिव्यक्ति राज्यले दिने व्यवस्था गरेको छ । विस २०५८ जेष्ठ नागरिकको समस्यालाई समाधान गर्नका लागि जेष्ठ नागरिक कार्यनीति २०५८ जारी भएको थियो । वि.सं. २०६१ सालमा जेष्ठ नागरिक स्वास्थ्य सेवा उपचार कार्यान्वयन निर्देशिका २०६१ लागु गरी जेष्ठ नागरिकको स्वास्थ्यमा बढी जोड दिएको थियो । यसै गरी वि.सं. २०६३ सालमा नेपाल सरकारले जेष्ठ नागरिकसम्बन्धी ऐन २०६३ लागु गरिएको थियो । वि.सं. २०६५ सालमा जेष्ठ नागरिकसम्बन्धी नियामावली २०६५ जारी गरी नागरिकसम्बन्धी सेवा सुविधाका विषयलाई बढी महत्त्व दिएको थियो । वि.सं. २०७० सालमा सार्वजनिक सवारी साधन जेष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि २०७० निर्माण गरी जेष्ठ नागरिकहरूलाई सेवा दिँदै आएको छ । नेपालको संविधान २०७२ को धारा ४१ मा व्यवस्था भएबमोजिम जेष्ठ नागरिकको हकलाई मौलिकहकको रूपमा स्वीकार गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हकको प्रत्याभूति गरेको छ । वि.सं. २०७४ मा जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४ लागु गरि जेष्ठ नागरिकहरूले परिचय पत्र प्राप्त गरि सेवा सुविधा प्राप्त गरिएको छ । वि.सं. २०७६ मा जेष्ठ नागरिक अपांगता भएका व्यक्ति महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सस्थालाई स्थानीय तह मार्फत अनुदान उपलब्ध गराउने कार्यविधि २०७६ निर्माण गरी कार्यान्वयनमा पहल गरिएको छ । वि.सं. २०७६ मा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले घरमा आधारित स्वास्थ्य सेवा मापदण्ड कार्यविधि २०७६ मा लागु गरी कार्यान्वयनका लागि पहल भएको छ । वि.सं. २०७७ मा संस्थागत अनुदानसम्बन्धी मापदण्ड २०७७ कार्यान्वयनमा ल्याएको छ । ज्येरियाटिक केयर सेन्टर सञ्चालन निर्देशिका र मापदण्ड २०७७ कार्यान्वयनमा ल्याएको छ । वि.सं. २०७९ मा जेष्ठ नागरिक मिलन केन्द्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७९ मा कार्यान्वयमा ल्याएको छ । विस २०७९ मा जेष्ठ नागरिक स्वास्थ्य सेवा संचालन मापदण्ड २०७९मा कार्यान्वयमा ल्याएको छ । नियामावली २०६५को नियम १५ अनुसार जेष्ठ नागरिक परिचय पत्र दिने व्यवस्था गरिएको छ ।

**जेष्ठ नागरिकको सम्बन्धमा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका पहल**

सन् १९४८ मा मानव अधिकारको लागि विश्वव्यापी घोषणा पत्रमा जेष्ठ नागरिकको अधिकार र सुरक्षाका लागि विषय उल्लेख गरिएको छ । यसका पक्ष राष्ट्रहरूले आफ्नो संविधानको मौलिक हकमा जेष्ठ नागरिकसम्बन्धी व्यवस्था समावेश गरेको पाइन्छ । नेपालको सन्दर्भमा पनि संविधान तथा विभिन्न ऐनले जेष्ठ नागरिकका सम्बन्धमा भएका अन्तराष्ट्रिय पहलहरूमा आत्मसात् गरेको पाइन्छ । (**प्रधान, नागरिक पत्रिका,२०७६**)

विश्व स्वास्थ्य संगठनले १३३ देशमा गरेको सर्वेक्षण अनुसार ५९ प्रतिशत देशमा मात्र जेष्ठ नागरिकमा हुने दुर्व्यवहार रोक्न कानुनको व्यबस्था गरेको छ ।संयुक्त राज्य अमेरीकामा कानुनले ६५ वर्ष नाघेकोलाई जेष्ठ नागरिक भनिन्छ । अमेरीकी सरकारको तथ्याङ्क विभागले ६५ वर्ष नाघेको व्यक्तिलाई जेष्ठ नागरिकको जनसख्याको तथ्याङ्कमा गणना गरिएको छ । अमेरीकी सरकारले ६२ बर्ष पुगेपछि सामाजिक सुरक्षाा भत्ता दिने व्यवस्था छ । ६५ वर्ष पुगेपछि कुनै सरकारी वा गैरसहकारी संस्थामा काम गरेपछि अवकाश पाउने व्यवस्था छ । संयुक्त अधिराज्य बेलायतको कानुनले ६० वर्ष पुगेका लागि जेष्ठ नागरिक घोषणा गरेको पाइन्छ । जेष्ठ नागरिक भनेको उमेरको हिसाबले निर्धारण गरेको छ । भारतको कानुनले ६० वर्ष नाघेको व्यक्तिलाई जेष्ठ नागरिक भनिन्छ । संयुक्त राष्ट्रसङ्घ (UN) अक्टोबर १ लाई International Day of elder Persons अन्तर्राष्ट्रिय नागरिक दिवसको रूपमा मनाउने प्रस्ताव १९९० डिसेम्बर १४ मा पारित गरेर सन् १९९१ अक्टोबर १ देखि नेपालले अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस विभिन्न कार्यक्रम तय गरी जेष्ठ नागरिकहरूलाई सम्मान गर्ने संस्कृतिको विकास भएको छ । (**राष्ट्रिय जेष्ठ नागरिक महासङ्घ, प्रतिवेदन, २०७८**)

हामीले ज्येष्ठ नागरिकका हकमा गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप काम गर्नुपर्छ । (**बाँस्कोटा : २०७९, पृ. ) बाँचुन्जेल मरेजस्तो गर्ने र मरेपछि अमरत्व प्राप्त गरे भन्नुको तुक छैन** । कैयौं ज्येष्ठ नागरिकले नागरिकता नभएर मासिक भत्ता पाउन समस्या भेलिरहेको छ । यसको तत्काल संम्बोधन गर्नुपर्छ । यसरी ज्येष्ठ नागरिकका लागि संबोधन गरिएका संविधानक प्रावधानहरू, जारी भएका कानुनहरू र सरकारी नीति तथा सामाजिक जिम्मेवारी र जवाफदेहिता पूरा गर्न सरकार, समाज र घर परिवार मन, वचन र कर्मले कार्यक्षेत्रमा सक्रिय रूपमा उत्रिनु समयको आवश्यकता हो ।

**जेष्ठ नागरिकको हकहितको लागि गैरसरकारी क्षेत्रमा भएका प्रयास**

जेष्ठ नागरिकको हकहितको लागि संरक्षण गर्न गैरसरकारी क्षेत्रबाट पनि प्रयासहरू भइरहेका छन् । गैरसरकारी संस्थाहरूले देशको विभिन्न भागमा जेष्ठ नागरिकको हेरचाह, स्याहार संहार गर्न वृद्धाश्रमहरू स्थापना गर्ने पहल गरेको छन् । यस प्रसङ्गमा जेष्ठ नागरिक राष्ट्रिय महासङ्घको भूमिका महत्वपूर्ण छ । महासङ्घले विभिन्न क्रियाकलाप सञ्चालन गरेको छ । त्यसै गरी जेष्ठ नागरिकका हकहित संरक्षणका लागि विभिन्न सामाजिक सङ्घसस्थाहरू क्रियाशील रहेका छन् । जेष्ठ नागरिक क्षमता अनुभव र योग्यतालाई सदुपयो गर्न विभिन्न किसिमका नीतिहरू, निर्देशिका, रणनीतिहरू निर्माण गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ । यस सन्दर्भमा जेष्ठ नागरिक राष्ट्रिय महासङ्घले अध्ययन गरी विभिन्न निचोडहरू सुझाएको पाइन्छ । सरकारी तथा गैरसरकारी महासङ्घको अध्ययनलाई आधार बनाई निम्नबमोजिम निष्कर्ष एवम् सिफरिस विस्तृत रूपमा उल्लेख गरिएको छ ।

**समस्या विश्लेषण**

जेष्ठ नागरिकहरूको हकहित क्षणका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी व्यवस्था रहे पनि ती व्यवस्थाको राम्रोसँग कार्यान्वयन भएको छैन । साथै हाम्रो सन्दर्भमा बढ्दो जनसख्याको अनुपातमा जेष्ठ नागरिक लक्षित बजेट, कार्यक्रम तथा स्रोत साधनको अभाव रहेको छ । साथै जेष्ठ नागरिकलाई उमेर अनुसार स्वास्थ्य सेवा र रेखदेख गर्न उपयुक्त तालिम प्राप्त जनशक्तिको अभाव रहेको छ । अर्को समस्या के छ भने निजी क्षेत्रमा, सङ्घसस्था एवम् स्थानीय रूपमा क्रियाशील रहेको निकायको गतिविधिलाई जेष्ठ नागरिकको हकहितको लागि समाहित गरी प्रभावकारी कार्यक्रम गर्न सकिएको छैन । राम्रो स्तरीय उपयुक्त वृद्धाश्रम, दिवा सेवा केन्द्र र संस्थाहरूको विकास हुन सकिरहेको छैन यसै गरी अन्तरसम्बन्धित निकायहरू विच नीतिगत सामञ्जस्यता र समन्वयका कमी रहेको पाइन्छ ।

विश्वमा नै जेष्ठ नागरिकको जनासंख्या बढ्दै गइरहेको छ । यसका नयाँ चुनौतीहरू सृजना हुँदै छन् । भबिष्यमा देशमा जेष्ठ नागरिकको जनासंख्या क्रमश बढ्दै जाने देखिएको छ । मानिसको उमेर सँगसंगै परनिर्भरता बढ्दै जान्छ ।

जटिल रोग लागेकाहरू समेत स्वास्थ्य परिक्षण गर्न गएका छैनन् र नियमित औषधी सेवन गर्न सकेका छैनन् । वृद्धाश्रम, दिवा स्याहार केन्द्र र उपचार केन्द्रमा रहेकाहरूको नियमित स्वास्थ्य जाँच हुन नसकेको अबस्था छ ।

नेपालमा जेष्ठ नागरिकहरूलाई विशेष ध्यान दिएर हेर्ने डाक्टरको अभाव छ । न्यूनआय भएका जेष्ठ नागरिकले निजी स्वास्थ्य तथा हेरचाह केन्द्रमा उपचार गर्न नसक्ने अवस्था रहेको छ ।

वृद्धाश्रम, कल्पवासमा रहेका जेष्ठ नागरिकहरू खस गरी एकल जीवनमा रहेका तथा परिवारबाट वहिस्कृत तथा अपहेलनामा परेका व्यक्तिहरूको वाहुल्य रहेको देखिन्छ । परिवारबाट हेरचाह, स्याहार सम्भार, औषधीउपचार र रेखदेखमा वेवास्ता हुनाले के कुरा देखाएको छ भने हाम्रो समाजमा नैतिक आचरणमा पनि ह्रास आएको छ ।

वृद्धाश्रम, दिवा स्याहार केन्द्र र उपचार केन्द्र सबै जिल्ला तहसम्म पुग्न नसकेको अवस्था छ । सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरू प्रयाप्त पूर्वाधारको अभाव, लैंगिक, अपाङ्गता तथा वृद्धमैत्री बनाउन नसकेको अवस्था रहेको छ

। स्थानीय तहमा जेष्ठ नागरिकका दैनिक जीवन सहज तुल्याउन आधारभूत सेवाका क्षेत्रमा जेष्ठ नागरिकमैत्री बाटो, मनोरंजन स्थल तथा खुला पार्क, व्यायाम स्थल, ध्यान केन्द्र, आध्यात्म अभ्यास स्थलको व्यवस्थामा कमी छ ।

गैरसरकारी क्षेत्रबाट सञ्चालित संस्थाको क्रियाकलाप पारदर्शी नरहेको, व्यक्तिगत सम्बन्धको प्रभाव रहेको तथा सेवा वितरणका तथ्याङ्कसमेत अद्यावधिक नरहेको छ । सरकारबाट प्रदान गरिएका अनुदान रकम अपेक्षाकृत मात्रामा वितरण गर्न नसकेको अवस्था देखिन्छ र समग्रमा जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको उपयोग गर्ने काम हुन सकेको छैन ।

**निचोड एवं निष्कर्ष**

नेपालमा रहेका जेष्ठ नागरिकमध्ये कति जना कुनकुन विषय विज्ञ चिकित्सक छन्, कति जना कुनकुन विधाका इन्जिनियर छन्, कति जनप्रशासक, कुनकुन क्षेत्रमा विज्ञता हासिल गरेका छन्, कुन क्षेत्रका कलाकार, साहित्यकार पत्रकार लगायत जेष्ठ नागरिकको समूहमा छन् भनी राष्ट्रिय प्रोफाइल निर्माण गर्न आवश्यक छ

सामजिक सुरक्षाभित्र मासिकभत्ताको अतिरिक्त न्यूनतम् के के सुविधा पर्छन् भनी सरकारले अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा न्यूनतम् प्याकेज सुविधाबारे व्यबस्था गर्नु पर्दछ । समुदायमा निर्माण भएका स्कुल, पुस्तकालय, सडक, सामुदायिक भवन आदि सार्वजनिक स्थलहरूको नामाकरणको लागि सामाजिक क्षेत्रमा योगदान पुऱ्याएको जेष्ठ नागरिकको नाममा लेखिनु पर्दछ । जेष्ठ नागरिक कुनै आफूले सक्ने र इच्छाएको खण्डमा सरकारबाट पाउने ऋणमा सहुलियत दरमा दिनु व्यवस्थाा गर्ने जेष्ठ नागरिकको ज्ञान सीप र अनुभवलाई विभिन्न सङ्घसस्थाको सल्लाहकार तथा विज्ञको भूमिका दिने र जेष्ठ नागरिकहरूलाई दिवा सेवा केन्द्र स्थापाना गरी उनीहरूको शारीरिक तथा मानसिक रूपमा खेल तथा मनोरञ्जनात्मक साधनहरूको व्यवस्था गर्नु पर्दछ । संविधानमा उल्लेखित विशेष संरक्षणको शाब्दिक अर्थ खोज्दा अन्य नागरिक भन्दा भिन्न अर्थात् उच्च प्राथमिकताका साथ सेवा, सुविधा र छुटहरू उपलव्ध गराउने भन्ने नै बुझिन्छ । यसको अर्थ ज्येष्ठ नागरिकका विशेष आवश्यकताहरू पूर्ति गर्नु भन्ने पनि लाग्छ । यसर्थ, राज्यप्रणालीले ज्येष्ठ नागरिकका पक्षमा गर्व गर्न लायक विशेष कार्यक्रमहरू घोषणा गरी लागू गर्नुपर्ने । नेपाल सरकारले सामाजिक सुरक्षातर्फ हाल सत्तरी वर्ष पूरा गरेका नागरिकलाई मासिक चार हजार रूपमा सामाजिक सुरक्षा भत्ता दिइआएको छ तर यसलाई समय सापेक्ष वृद्धि गर्दै जानुपर्छ । जति वृद्धवृद्धा उमेर बढी हुन्छ सोअनुरूप भत्तालाई पनि वृद्धि गराउनु पर्छ । जेष्ठ नागरिक ऐनमा धेरै राम्रा कुराहरू भए पनि ती प्रावधानहरूमा राम्रोसँग कार्यान्वयन हुन सकेको छैन । यसै ऐनको दफा ३ मा जेष्ठ नागरिकलाई सम्मान गर्नुपर्नेबारे स्पष्ट धारणा रहेको छ । समाजमा तिनको उच्च सम्मान हुनुपर्छ । यसलाई अनुसरण सबै पालिकाले गरी आआफ्नो ठाउँमा जेष्ठ व्यक्तिलाई सम्मान गर्नुपर्छ । ऐनको दफा ४ मा जेष्ठ नागरिकलाई अर्थिक हैसियत तथा इज्जतअनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारका प्रत्येक सदस्यको कर्तव्य हुनेछ भनिएको छ । यसर्थ, केही प्रदेश सरकारहरूले लागू गरे झैं निश्चित सूचकको आधारमा जेष्ठ नागरिकको उचित पालनपोषण गर्ने परिवारलाई पुरस्कृत गर्ने नीति लिनुपर्छ । जेष्ठ नागरिक भएको घरमा पालिकाले वार्षिक असुली गर्ने घरधुरी कर, फोहोर सङ्कलन शुल्क लगायतमा छुट दिन सक्छ । यसबाट घरपरिवारमा जेष्ठ नागरिकको सम्मान वृद्धि हुनेछ । यो संसद्बाट पारित हुनुपर्छ । जेष्ठ नागरिक मध्येबाट पनि योग्य व्यक्ति राष्ट्रिय सभामा पुग्ने र अन्य नियुक्तिमा पनि उनीहरूलाई अवसर दिँदा जेष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवबाट राष्ट्रलाई लाभ पुग्ने हुन्छ ।

ज्येष्ठ नागरिक सम्बन्धी ऐनको दफा ५ मा जेष्ठ नागरिकलाई मर्का परेमा उजुरी दिन सक्ने व्यवस्था छ । यसको प्रभावकारी कार्यान्यनका लागि टोलफ्री नम्बर र सहायताकक्ष स्थापनाको पहल गर्नुपर्छ । साथै प्रत्येक वडामा स्थापना गरिने जेष्ठ नागरिक दिवा सेवा केन्द्रमा पनि उजुरी दिन सकिने प्रबन्ध गर्नुपर्छ । प्रत्येक वडा कार्यालयले आफ्ना ४ जना वडा सदस्यहरूलाई चार क्षेत्र तोकी ज्येष्ठ नागरिकको हकको संरक्षण गर्ने र सुरक्षा प्रदान गर्ने जिम्मेवारी दिनुपर्छ । यस अतिरिक्त सबै प्रहरी चौकी, इलाका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायतमा उजुरी गर्न सकिने र जेष्ठ नागरिकको पक्षमा निःशुल्क कानुनी सेवाप्रदान गर्न नेपालवार एसोसियसन जस्ता

निकायसँग सरकारले सहकार्य गर्नुपर्छ । आफ्नो अंश भागको चल, अचल र सोबाट बढे बढाएको सम्पत्ति जेष्ठ नागरिकले आफू खुसी गर्न पाउने कानुनी व्यवस्था छ । यसरी घरपरिवारमा कलहको विषय बनेको सम्पत्तिमा जेष्ठ नागरिकको मात्रै हक लाग्ने र फकाइफुलाई लिएको सम्पत्ति उजुरी परेमा तत्कालै फिर्ता हुने कानुनी व्यवस्था गर्न सकेपनि जेष्ठ नागरिकमा न्याय पुग्ने थियो । साथै, यस कानुनी प्रावधानलाई अझै बढी जेष्ठ नागरिकको पक्षमा हुने गरी आवश्यक संशोधन गर्नु आवश्यक रहेको छ । जेष्ठ नागरिकले आफ्नो सम्पत्ति ट्रष्टमा राख्न पाउने र सो ट्रष्टले समुचित लालनपालन गरेमा शेषपछि सो सम्पत्ती ट्रस्टकै हुने कानुनी व्यवस्था शीघ्र गर्नुपर्छ । शीघ्र यस्तो कोष खडा गर्नुपर्छ । यस्तो कोष खडा गरी सरकारले वर्षेनि निश्चित रकम राखिदिने, यस कोषमा कुनै व्यापारिक संस्थाले चन्दा रकम राखिदिएमा सो खर्च सरह मानिने र दातृ निकायले पनि सहयोग गर्न सक्ने कानुनी प्रबन्ध गर्नुपर्छ । यस अतिरिक्त यस कोषमा बैंकमा, बीमामा लामो समयदेखि दावी नभई त्यसै बसेको रकमपनि सार्ने कानून जारी गर्न सकिन्छ जेष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५ को नियम ८ मा जेष्ठ नागरिकको अभिलेख तयार गर्नुपर्ने प्रावधान छ । सोअनुरूप महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय उनीहरूलाई राष्ट्र निर्माणमा योजनाबद्ध ढङ्गले परिचालन गर्नका लागि नेपाल सरकारले एउटा गुरुयोजना नै तर्जुमा गरी काम अघि बढाउनु पर्छ । नियमावलीको नियम १२ मा हेरचाह केन्द्र र दिवा सेवा केन्द्रको न्यूनतम् पूर्वाधार तथा सुविधाको व्यवस्था किटानी गरिएको छ । यसअनुसार भए नभएको एकिन गर्न अनुगमनलाई प्रभावकारी तुल्याउनु पर्छ । यसरी जेष्ठ नागरिकसम्बन्धी संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी जेष्ठ नागरिकको जीवनमा सहजता ल्याउन सकिने हुन्छ ।

यर्थाथमा जेष्ठ नागरिक मुलुका भार होइनन्, बरु यी सम्पत्ति हुन् । यी राष्ट्रका प्रतिनिधि हुन् । यी जिउँदो इतिहास हुन् । यिनको कतै एक्लो जीवन छ भने त्यसलाई सामूहिकतामा रूपान्तरित गर्नुपर्छ । उनीहरूसँग भएको सम्पत्तिको उपयोग उनीहरूले नै गर्न पाउने वातावरण निर्माण गर्नुपर्छ । जेष्ठ नागरिको हकअधिकार विस्तार गर्नका लागि राज्यले यस क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गरी लागु गर्नुपर्छ ।

**सन्दर्भ सामाग्री**


नेपाल सरकार. (२०७२). नेपालको संविधान ।

नेपाल सरकार. (२०६३). जेष्ठ नागरिकसम्बन्धी ऐन ।

नेपाल सरकार. (२०६५). जेष्ठ नागरिकसम्बन्धी ऐन ।

नेपाल सरकार. (२०६५). जेष्ठ नागरिकसम्बन्धी नियामावली ।

नेपाल सरकार.(२०७४). स्थानीय सरकार सञ्चालन ऐन बाँस्कोटा, कृष्णहरि.(२०७९). *सशक्तीकरण, जेष्ठ नागरिकसम्बन्धी संवैधानिक कानुनी र प्रावधानको कार्यान्वयनको स्थिति,* काठमाडौं : महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ।

वार्षिक प्रतिबेदन. (२०७८). राष्ट्रिय जेष्ठ नागरिक महासङ्घ, काठमाडौं राष्ट्रिय समावेशी आयोग.(२०७६).जेष्ठ नागरिक सम्बन्धमा कानुनी व्यवस्था र त्यसको कार्यान्वयन अवस्थाको प्रतिवेदन. पुलचोक ललितपुर ।

राष्ट्रिय मानव अधिकार आयोग. (२०७६).जेष्ठ नागरिकसम्बन्धी मुख्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यस्था हरिहर भवन पुलचोक काठमाडौं ।

राष्ट्रिय समावेशी आयोग.(२०७६). जेष्ठ नागरिक सम्बन्धमा कानुनी व्यबस्था र त्यसको कार्यान्वयन अवस्थाको प्रतिवेदन ।

राष्ट्रिय जनगणना प्रतिवेदन. (२०७८).नेपाल सरकार केन्द्रिय तथ्याङ्क कार्यालय : काठमाडौ ।

नेपाल सरकार. (२०७२). नेपालको संविधान ।

नेपाल सरकार. (२०६३). जेष्ठ नागरिक सम्बन्धी ऐन ।

नेपाल सरकार. (२०६५). जेष्ठ नागरिक सम्बन्धी ऐन ।

नेपाल सरकार. (२०६५). जेष्ठ नागरिक सम्बन्धी नियामावली ।

नेपाल सरकार. (२०७४). स्थानीय सरकार सञ्चालन ऐन ।